Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा तथा खेलकुद शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फयाक्स नं. ०६६-५२०२०४
फोन नं. ०६६-५२१४६३

मिति २०७७/०३/३०

प.सं. ०७६/७७
च.नं. २६०८

विषय: सिकाई सहजिकरण क्रियाकलाप सञ्चालन सम्बन्धमा ।

श्री बेसीशहर न.पा. स्थित सम्पुर्ण विद्यालयहरु ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड- १९ को कहरले आक्रान्तमा हामी गुज्रीरहेको यस विषम् परिस्थितिमा शैक्षिक क्षेत्र अस्तव्यस्त रहेको कुरा हामी सबैलाई अवगत नै छ । अप्ठ्यारो परिस्थितिका बावजुद पनि शिक्षण सहजिकरण क्रियाकलापलाई वैकल्पिक र उपयुक्त विधिबाट सञ्चालन गर्नुपर्ने बाध्यता हामीमाझ छ । यसै सन्दर्भमा यस बे.न.पा. स्थित विद्यालयहरुले सिकाई सहजिकरणका लागि प्रयासको सुरुवात समेत गर्न नसकेको अवस्थालाइ मध्यनजर गर्दै यस बेसीशहर नगरपालिका,नगर शिक्षा समिति,लमजुङको मिति २०७७/०३/२९ गतेको बैठकले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको "वैकल्पिक प्रणालीबाट सिकाई सहजिकरण निर्देशिका २०७७"बमोजिम सिकाई क्रियाकलाप गर्न निर्देशन दिने भनि निर्णय भए बमोजिम यस नगरपालिका स्थित सम्पुर्ण विद्यालयहरुले आ-आफ्ना विद्यालयका शिक्षक कर्मचारीहरुलाइ आगामी श्रावण ५ गते विद्यालयमा उपस्थित हुनेगरी व्यवस्थापन मिलाउन साथै भौतिक दुरी कायम राख्दै सिकाई सहजिकरण क्रियाकलाप सञ्चालन गर्ने भनि निर्णय भएकोले सो अनुसार गर्नु गराउनुहुन यस नगरपालिका स्थित सम्पुर्ण विद्यालयहरुलाई अनुरोध गरिन्छ ।

२०७७/०३/३०

किसानराज चिलुवाल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत